**पुर्चौंडी नगरपालिकाको सातौ नगर सभामा सभाका अध्यक्ष श्री रण बहादुर कुवँर ज्यू ले प्रस्तुत गर्नु भएको आ.व.२०७७।७८ को नीति तथा कार्यक्रम**

## सभा सदस्य ज्यू,

यस पुर्चौंडी नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम गरिमामय सभा समंक्ष प्रस्तुत गर्न पाउदा हर्षिद भएको छु । ईतिहासको बिभिन्न कालखण्डमा भएका जन-आन्दोलन हरु राजतन्त्रात्मक शासन व्यवस्थालाई परास्त गरि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्राप्तिका लागी प्रा ण आहुति गर्ने ज्ञात अज्ञात शहिद हरु प्रति हार्दिक श्रद्वान्जली । साथै बिभिन्न आन्दोलनका घाईते हरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपाली जनताको त्याग बलिदान र लामो संघर्ष बाट प्रात भएका उपलब्धी हरुलाई सफलता पुर्वक संस्थागत भए संगै स्थानीय सरकार मार्फत जनताका आवश्यकता नेपाल सरकारले लिएको "सम्वृद्ध नेपाल सुखी नेपाली "को राष्ट्रिय सोच र विश्वले अबलम्बन गरेको दिगो बिकास लक्ष्य प्राप्तिका लागी हातेमालो गर्न पाउनु लाई ठुलो अवसरको रुपमा लिएको छु ।

नेपालको ईतिहासको बिभिन्न कालखण्डमा मान व जातिले भोगेको माहामारीको ईतिहास लाई पुनं स्मरण गराउदै हाल विश्वभर माहामारिको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) ले मानवजातिकै अस्तित्व लाई चुनौति थपि दिए संगै यस माहामारि बाट हाम्रो देश नेपाल र पुर्चौंडी नगरपालिका समेत प्रभावित भएको छ । एकातर्फ समग्र विकासमा अवरोध श्रृजना भएको छ । साथै यसको रोकथाम नियन्त्रणका लागी सुरुवात देखी यस नगरपालिकाले अवलम्बन गरेको स्पष्ट रणनिति समन्वयात्मक कार्यशैलीका साथसाथै नगरपालिका भित्र रहेका बिभिन्न संघ सस्थाको एंवम नगरबासी हरुको एकता धौर्यता र सहयोगले हालससम्म यस रोगको संक्रमण बाट सवै नगरबासिको जिवन रक्षा गर्न सफल भएका छौ । यस्तो जोखिमपुर्ण परिस्थितिमा अग्रपंङ्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी ,एम्बुलेन्स चालक ,सरक्षाकर्मी संचारकर्मी ,नगरका जनप्रतिनिधि हरु ,स्वयमसेवक हरु एंव राष्ट्रसेवक कर्मचारी हरुको उच्च्व प्रशसा गर्न चाहान्छु । । साथै यस्तो माहामारिको व्यवस्थापनमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्ने विभिन्न संघ सस्था तथा निकाय हरुमा हार्दिक आभार प्रकट गर्न चाहान्छु । अत्यावश्यक वस्तुहरुको सहजताका लागी कार्यरत सवै व्यक्ति व्यवसायी संस्थाहरु लाई हार्दिक आभार व्यक्त गर्दै यो विपत्ति अझै महिनौ दिन सम्म रहिरहने भएकोले यस माहामारि बाट विजय प्राप्त गर्न अझ वढी सतर्कता समन्वय र एकता आवश्यक भएकोले एकढिक्का भएर दृढताका साथ लाग्न एवं व्यक्तिगत पारिवारिक वातावरणीय सरसफाईमा ध्यान पुर्याउनु र सामाजिक दुरि कायम राख्दै हाम्रो शरिर भित्रको रोगसंग लडने प्रतिरक्षा शक्ति बढाउन तथा उचित जिवन शैली अपनाउन सवै नगरबासी हरुमा अनुरोध गर्न चाहान्छु ।

नगरको आर्थिक विकास साथै भगौलिक विविधतालाई आत्मसाथ गर्दै दीगो सन्तुलित र, सास्कृतिक,सामाजिक, समन्यायीक विकासको बाटोमा निरन्तर रुपमा अघि बढन नगरपालिका दृढ रहेको छ । तद अनुरुप योजनाबद्व र प्राथमिकताका आधारमा नगरको समग्र परिस्थितिको मुल्यांकन व्यापक परामर्ष र विग्यताको समेत उपयोग गरि विकास निर्माणका कार्यहरु अधि बढाउन हामी सदैव प्रयत्नशिल छौ । जनताका बिकासका आकाक्षा हरु असिमित छन नगरपालिकाको स्रोत साधन सिमति छ सिमिति स्रोत साधनको अधिकतम उपयोग गरि उच्च प्रतिफल प्राप्त गरि सम्पुर्ण नागरिक हरुमा सुशासनको प्रत्याभुति कायम गर्न नगरपालिकाका सबै अंग हरुलाई गतिशील सहभागितामुलक र जबाफदेही बनाउन आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रमले महत्वपुर्ण भुमिका खेल्नेमा विश्वास लिएको छु ।

पर्चौंडी नगरपालिका

## सभा सदस्य ज्यू ,

अवम समग्रबिकासको खाकाको रुपमा तयार गरेको आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम लाई बुदागत रुपमा प्रस्तुत गर्न चाहान्छु ।

**(क). आर्थिक विकास क्षेत्र:**

१.कृषि उत्पादन वृद्धि गरि आयातलाई प्रतिस्थापन गरि निर्यात प्रबर्द्धनका लागी कृषि सम्वन्धी ज्ञान तथा सिप हासिल गरेका कृषि पेशामा रहेका संलगन हुन चाहाने युवा तथा व्यवसायी हरुको लागी मागमा आधारित व्यवसायीक कृषि बिकास कार्यक्रम संचालन गरि रोजगारी सृजना गर्न कृषि पकेट क्षेत्र निर्माण गरिने छ ।

२.कोरोना भाइरस बाट प्रभावित भारत लगायत बिभिन्न मुलुक बाट रोजगारी गुमाई स्वदेश भित्रिएका युवा हरुको सिप र श्रमको उपयोग गरी कृषि पेशमा संलगन हुन चाहाने कृषक हरु लाई बेमौसमि तरकारी खेतिको आवश्यक पुर्वाधारहरुको निर्माण गर्न अनुदान मुलक कार्यक्रम संचालन गरिनेछ ।

३.परम्परागत रुपमा गर्दै आएको निर्वाहमुखी कृषि प्रणाली लाई व्यवसायीक बनाउदै लगिनेछ ।

४.कृषि उत्पादनको बजार सम्म पहुच नभई खेर गईरहेको परिस्थितिलाई मध्यनगर गर्दै कृषि उत्पादन लाई बजारिकरण गर्न यस नगरपालिकाको वार्ड न १ बसन्तपर हाट मा कृषि उपज संकलन केन्द्र निर्माण गरिनेछ ।

५.कृषक हरुको हौसला प्रबर्द्धन गर्न नगरपालिका भित्र कृषि पेशामा संलगन कृषक हरु मध्ये मुल्याङ्कनका आधारमा एक जना नगरप्रमुख सर्वोउत्कृष्ट कृषक पुरुस्कार र बाकी २ जना लाई उत्कृष्ट कृषक पुरुस्कार प्रदान गरिनेछ । .

६.स्थानीय सिप र पुजिँको समुचित परिचालनको लागी बास ,निगाला खेति लगयातका अन्य व्यवस्याय प्रवर्द्वन गर्न लघु ऊधम प्रवर्द्वन कार्यक्रम संचालन गरिनेछ ।

७.महिलाको उद्यमशीलता विकासका लागि उद्यमी महिला लक्षित कार्यक्रम संचालन गरिनेछ ।

८.विगत आ.व.हरु देखि नै संचालन हुदै आएको सामा सिचाई कार्यक्रम लाई थप विस्तार गर्न १० वटै वार्ड हरुमा साना सिचाई योजना हरु संचालन गरिनेछ ।

९.उद्योग बाणिज्य संघ तथा अन्य सरोकारवाला निकायसंग समन्वय गरी स्थानीय ब्यापारको प्रवर्द्धन तथा हाट बजार ब्यवस्थापनको उचित प्रबन्ध गरिनेछ । ब्यवसायिक फर्मको दर्ता, अनुमति र नविकरण जस्ता कार्यलाई आधुनिकीकरण गरीनेछ ।

१०.सुदूर पश्चिम प्रदेशकै प्रसिद्व धार्मिक तथा ऐतिहासिक महत्व बोकेका सास्कृतिक सम्पदा हरुको सरक्षण समबर्द्धन गर्दै दीर्घकालिन बिकासका लागि गुरुयोजना तर्जुमा गरिनेछ । धौलकाडा कोट ,डिलासैनी भगवति मन्दिर ,काडा माहादेव, मालिका माहादेव मन्दिर समैजी त्रिवैणी धाम मन्दिर लगायतका प्राचिन तथा धार्मिक स्थलको संरक्षण र संवर्द्धन गर्न संघिय सरकार एवम प्रदेश सरकार संग समन्वयगरिनेछ ।

# सामाजिक विकास

११.शिक्षा क्षेत्रको ठुलो चुनौती को रुपमा रहेको विध्यालय समायोजनको विषयमा यस नगरपालिकाले विध्यालय समायोजन सम्वन्धी कार्यविधी अनुसार मापदण्ड पुगेका विध्यालय हरुको समायोजन गरि सकेको छ । समायोजन पछि विध्यालयको दरवन्दी मिलान कार्य अघि बढाईनेछ ।

१२. आजको सुचना र संञ्चार प्रविधिको युगमा पनि ईन्टरनेटको पहुँच बाट टाढा रही समय सापेक्षित शैक्षिक गुणस्तर हासिल गर्न नसकेको परिस्थिति लाई मध्यनजर गर्दै सवै विध्यालय हरुमा इन्टरनेटको पहुचँ विस्तार गरिनेछ ।

१३.विध्यालय हरु बाट उच्च शिक्षा हासिल गर्ने जनशक्तिको संख्या बढेसंगै शैक्षिक वेरोजगारको संख्या पनी उत्तिकै बढेको पाईन्छ । तसर्थ प्राविधिक धारका विध्यालय संचालन गर्न जोड दिईनेछ ।

१४.नगरस्वंयम सेवक शिक्षक हरुलाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ ।

१५.खानेपानी सुविधा नपुगेका बस्ती तथा टोलमा आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध गराउन ग्रामिण जलस्रोत परियोजना र युनिसेफ सगंको साझेदारीमा खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१६.महिला हरुको अधिकासं समय कुटानि पिसानिमा खर्च हुने परिस्थिति लाई मध्यनजर गर्दै प्रत्येक वार्डमा कुटानी पिसानी मिल उपलब्ध गराईने छ ।

१७.हिसां पिडित महिला असाहाय अनाथ हरुको पुनस्थापनाका साथसाथै उनिहरु लाई आयआर्जका क्रियाकलापमा संलगन गराउन उचित तालिम प्रदान गर्ने कार्यको लागी सुरक्षित महिला उधमी घर निर्माण गरिने छ ।

१८.समाजमा पछाडी परेका दलित हरुको शसक्तिकरणका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१९.महिला हरुको उधमशिलता प्रवर्द्धनका लागी सिलाई कटाई सम्वन्धी तालिम संचालन गरिने छ ।

२०.बालबालिकालाई बिपदबाट जोगाउन विद्यालय तथा समुदायस्तरमा बालबालिका लक्षित बिपद जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ र पूर्वाधार संरचनाको निर्माण गर्दा बालमैत्री बनाउन जोड दिईनेछ ।

२१.दीर्ध एवम असाध्य रोगीका लागी निरन्तर औषधि सेवन गरिरहेका जेष्ठनागरिक हरुको औषधीउपचार सहायता प्रदान गरिने छ ।

२२.जेष्ठ नागरिक माथि हुने हिंसा र दुर्व्यवहार हटाई सम्मानजनक जीवनयापनको वातावरण निर्माण गर्न, जेष्ठ नागरिक सम्मान लगायतका कार्यक्रम संचालन गरिनेछ र जेष्ठ नागरिक दिवस मनाउने व्यवस्था गरिनेछ ।

२३.सामाजिक सुरक्षा भत्ता लाई वैङ्किंक प्रणाली मार्फत वितरण गरिने छ ।

२४.स्थानीय तहका पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाउदै सेवा प्रवाहमा पहुँच पुऱ्याईनेछ । अपाङ्गता भएका नागरिकलाई सिप र स्वरोजगार कार्यक्रम तथा सहयोगी सामाग्री वितरण जस्ता बहु आयामिक कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२५.अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा तथा स्वास्थ्य सेवामा समाजिक संघ संस्थाहरुको सहभागितालाई प्रोत्साहित गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुको बर्गीकृत परिचय पत्र प्रत्येक महिनाको **एक दिन** वितरण गर्ने कार्यको थालनीगरिनेछ ।

२६.युवाको खेलकुद प्रतिको आकर्षणलाई मध्यनजर गरी युवा प्रतिभाको विकास गर्ने तथा खेलाडीलाई पुरस्कार तथा सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२७.नगरक्षेत्रभित्र खेलिने विभिन्न किसिमका खेलकुदहरुको प्रर्वद्धन गर्नका लागि विद्यालय तथा क्लवहरुसंगको समन्वयमा “मेयरकप खेलकुद” सप्ताह कार्यक्रम संचालन गरिनेछ ।

२८.आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु संचालन गर्दा गैर सरकारी संस्था तथा सामुदायिक संस्थाहरुसँग समन्वय एवं सहकार्य गरिनेछ । गैर सरकारी संस्थाका क्रियाकलापलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन उनीहरु समेतको सहभागितामा आवश्यक कानूनी एंव संस्थागत व्यवस्था गरिनेछ ।

२९.नगरभित्र कार्यक्रम तथा योजना संचालन गर्न चाहने गैर सरकारी संस्थाहरुले नगरपालिकाबाट पूर्वस्वीकृति लिनु पर्ने व्यवस्थामा थप कडाई गरिनेछ । यस्ता संस्थाहरुको कार्यको नियमन, अनुगमन र मुल्यांकन गर्ने पद्धतीलाई संस्थागत गरिनेछ ।

३०.पुरातात्विक महत्वका प्राचिन मठमन्दिर तथा स्थलहरुको संरक्षण र सबर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## पूर्वाधार विकास

३१.यातायातको योजनालाई पहिलोप्राथमिकता  मात्र होईन सर्वाधिक कार्यक्रमको रुपमा अघि बढाउनुको विकल्प हामी संग छैन । ७ वटा वार्ड हरुमा सडक सञ्जाल जोडिएको र बाकी रहेका ३ वटा वडा कार्यालयहरुमा  र यस क्षेत्रको ठुलो स्लेट खानी धौलकाडाकोट  सम्म  आ.ब. २०७७।७८  भित्र सडक सञ्जालमा आवद्ध गरिने छ ।

३२.यस नगरपालिका बाट अन्तर स्थानीय तह र अन्तर जिल्ला जोडने सडक लाई प्राथमिकता साथ निर्माण गरिने छ ।

३३.यस नगरपालिका अन्तर्गत संचालित पुल हरु निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

३४.नगरभित्र संचालन हुने सार्वजनिक यातायातको रुट तथा भाडादर निर्धारण गरी नियमन गरिनेछ ।

३५.सार्वजनिक यातायातलाई लैंगिक तथा अपाङ्गमैत्री बनाउन जोड दिइनेछ ।

३६.वर्षादका कारण अवरुद्व हुने सडक लाई सुचारु गरि यातायात संचालन गर्न सडक मर्मत गरि यातायात सुचारु गरिने छ ।

३७.आगामी आर्थिक बर्षबाट नगरपालिका कार्यालयको लागी सहजतापूर्वक सेवा प्रवाह गर्न प्रशाशनिक कार्यको लागि आधुनिक सुविधायुक्त भवन निर्माणको लागि नेपाल सरकारको साझेदारीमा निर्माण गरिने छ ।

३८.नेपाल सरकारबाट स्वीकृत बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भवन संहिता समेतलाई आधार मानि पुर्चौडी नगरपालिकाको भवन निर्माण ऐन, तर्जुमा गरिनेछ ।

३९.घरवार विहिन नागरिक हरुको घर निर्माणको लागी नागरिक आवास कार्यक्रम लाई निरन्तरता दिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

४०.विश्वव्यापी रुपमा फैलिरेहको कोरोना भाईरसका कारण सिर्जित परिस्थितिको सामना गर्न प्रकोष व्यवस्थापन कोष स्थापना गरिनेछ ।

४१.कोरोना (COVID-19) बाट संक्रमित विरामी हरुका लागी पुर्चौडी नगरपालिका हाँटमा ३० कोठे आईसोलेसन भवन निर्माण गरिने छ ।

४२.वडास्तरमा समेत विपद् ब्यवस्थापन समितिको गठन गरी समुदायमा आधारित विपद् जोखिम न्यूनिकरण र ब्यवस्थापनका कार्यहरु संचालन गरिनेछरविपद् ब्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, उद्योग बाणिज्य संघ लगायत यस क्षेत्रमा क्रियाशिल सामाजिक संघ संस्थाहरुको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडी वढाइनेछ ।

४३.विपद् ब्यवस्थापनको कार्यमा संलग्न स्यमसेवकहरु, कर्मचारी तथा पदाधिकारीको क्षमता बिकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । नगरस्तरीय विपद् ब्यवस्थापन कोषलाई क्रियाशील बनाई उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

## सुशासन तथा संस्थागत विकास :

४४.नगरपालिका बाट संचालित योजना तथा कार्यक्रम हरुको सुचनामा पहुच अभिवृद्धि गरिनेछ । गुनासो सुनुवाई सार्वजिनक सुनुवाई सामाजिक परिक्षण जस्ता कार्यलाई थप प्रभावकारी बनाईने छ

४५.नगरपालिका भित्र सुशासनको प्रर्वद्धन एंव भ्रष्टाचारमा शून्य सहनशिलताको नीतिलाई आगामी आर्थिक वर्षमा थप व्यवस्थित वनाईनेछ ।



पुर्चौडी नगरपालिका

४६.आम्दानी तथा खर्चको विवरण समय समयमा सार्वजनिक गरी सोको बिवरण वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाईनेछ । वित्तीय जोखिम न्यूनिकरणका लागि कार्ययोजना बनाई कार्यान्वयन रिनेछ ।

४७.सुशासन र गुनासो व्यवस्थापनको लागि हेल्प डेस्कको स्थापना गरिनेछ र त्यस्तो हेल्प डेस्कमा कम्तिमा प्रत्येक दिन एकजना कर्मचारी पुरै समय रहेर कार्यालयको कामको रेखदेख र सेवाग्राहीको गुनासो सुन्ने व्यवस्था गरिनेछ ।

४८.स्थानीय सरकारको सबलीकरण, सुशासन प्रर्वद्धनका विधि र औजारको प्रयोग गरि भष्टाचार शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

४९.प्रत्येक योजना तथा कार्यक्रम संचालन गर्दा कार्यविधी वनाई निश्चित मापदण्ड वमोजिम संचालन गर्ने तथा कार्यालयबाट भए गरेका कामलाई पारदर्शि गर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ॥

५०.कर्मचारीको मनोवल उच्च बनाउन स्पष्ट मापन योग्य सूचक सहितको कार्यसम्पादनमा आधारित रहि अतिरिक्त सेवा र समयको आधारमा स्थानीय सुविधा प्रदान गरिनेछ ।

५१.कर्मचारिको उतकृष्ठ कार्यसम्पादनको आधारमा एक जना कर्मचारी लाई वर्षभरिमा छनौट गरि पुरुस्कार सहित सम्मान गरिनेछ ।

५२.घरनक्शा पास र राजस्व संकलन गर्ने कार्यलाई प्रभावकारी ढंगले सेवा प्रवाह गर्न आगामी आर्थिक वर्षबाट सेवाको थालनी गरीनेछ ।

५३.नगरपालिकालाई आवश्यक पर्ने कार्यालय उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीति लिइनेछ ।

५४.कार्यालयको तर्फवाट गरिने भ्रमण कार्यक्रमलाई मितव्ययी र प्रभावकारी वनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न लगाइने व्यवस्था मिलाइनेछ । यस कार्यलाई व्यवस्थित गर्न भ्रमण स्वीकृति कार्यविधी वनाई लागु गरिनेछ ।

५५.नगरपालिकावाट कार्यान्वयन हुने योजनाकार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई वढि प्रतिस्पर्धात्मक वनाउन विद्युतीय वोल कवोल(**E-Bidding**)को माध्यम बाट ठेक्का प्रक्रियालाई अगाडी बढाईनेछ ।

५६.सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन नगरपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सवै आयोजना र कार्यक्रमहरुको सार्वजनिक परिक्षण गरिनेछ ।

५७.आन्तरिक लेखा परिक्षण पद्धतिलाई प्रभावकारी वनाइनेछ । वेरुजु हुन नदिने र भएकालाई सिघ्र फ्च्यौंट गर्ने प्रक्रिया अवलम्वन गरिनेछ ।

५८.विधुतीय माध्यमबाट संचालन भईरहेको नगरपालिकाका सेवा प्रवाहलाईथप परिमार्जन सहित निरन्तरता दिईनेछ ।

५९.कार्यालयमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ । वेभसाईटलाई नियमित रुपमा अद्यावधिक गरी नगरको बस्तु  स्थिति झल्किने खालका सूचनाहरु निरन्तर सार्वजनिक गरिनेछ ।

६०.अनलाईन प्रणाली मार्फत गुनासो दर्ता र सोको फर्छ्यौटको जानकारी दिने व्यवस्थाको क्रमशः विकास गरिनेछ ।

६१.पुर्चौंडी नगरपालिकाको आधिकारीक वेभसाइडको नियमित अपडेट गरी नागरिकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा आधारित वनाइनेछ ।

६२.व्यक्तिगत घटना दर्ता कार्यक्रम अनलाइन मार्फत् नागरिकले निवेदन गर्न सक्ने गरी वडा तहवाट कार्यान्वयन गरि प्रभावकारी वनाउदै अन्य सेवाहरु समेत अनलाइनवाट उपलव्ध गराउने नीति लिइनेछ ।

६३.नगरपालिकाको कार्य प्रणालीलाई सुरक्षित पारदर्शी र थप व्यवस्थित वनाउन वडा कार्यालयहरुमा समेत क्रमशः CCTV  जडान गरिनेछ ।

६४.उनगरका गतिविधिहरु नगरवासी समक्ष पुर्‍याउन उप नगरको मुखपत्रको रुपमा त्रैमासिक नगर वुलेटिन प्रकाशन गरिनेछ । रेडियो तथा टेलिभिजन मार्फत् नगर गतिविधि प्रसारण गरिनेछ ।

६५.विद्युतीय हाजिरीलाई  सुशासन पारदर्शिता र जवाफदेहिता प्रर्वद्धनमा थप प्रभावकारिता ल्याइनेछ ।

६६.नागरिक सेवालाई छिटो छरितो र सरल बनाउन विभिन्न प्रकारका फारमहरु अनलाइन प्रणालीबाट समेत उपलब्ध गराइनेछ । सेवा प्रवाहमा जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, असहाय तथा गर्भवती महिलालाई बिषेश प्राथमिकता दिईनेछ ।

पर्चौंडी नगरपालिका

६७.अभिलेख व्यवस्थापनका कार्यहरु सूचना प्रविधिमा आधारित हुनेछ र महत्वपूर्ण सूचनाहरुलाई माइक्रोफिल्म तयार गरी सुरक्षित राखिनेछ ।

६८.आन्तरिक राजस्वको दायरालाई थप विस्तार गरिनेछ ।

६९. नगर क्षेत्र भित्र व्यापार व्यवसायी संचालन गरि रहेका सम्पुर्ण व्यापारी हरुलाई व्यवसायीक करको दायरामा ल्याईने छ ।

## सभा सदस्य ज्यू

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमकार्यान्वयनबाट पुर्चौडीबासीजनताको आर्थिक सामाजिक अवस्थामा परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा उल्लेखनीय बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधारआई सुशासनको देखिने गरी अनुभूति हुने बिश्वास लिएकीछु ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमामा महत्वपूर्ण सहयोग गर्नु हुने आदरणिय नगर उप प्रमूखज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजकज्यू र सदस्यज्यूहरु, योजना तर्जुमा समितिका सचिवज्यू, राजश्व परामर्श समिति र बिषयगत समितिका सचिवज्यूहरु, कार्यपालिका सम्पूर्ण सदस्यज्यूहरु, नगरपालिकाका विभिन्न शाखाका कर्मचारी हरु तथा प्राविधिक कर्मचारी साथीहरुत्यसैगरी नीति तथा कार्यक्रम तर्जुमा समितिलाई महत्वपूर्ण सल्लाहा सुझाव दिनु हुने संविधान सभाका सदस्य श्री नरेन्द्र बहादुर कुवर ज्यूविभिन्न राजनैतिक दलका नेताहरु, उद्योग वाणिज्य संघका पदाधिकारी सदस्यहरु, र सल्लाहकार ज्यूहरु, आदिबासी जनजाती अभियन्ताहरु, महिला संजाल, नगरबाल संजाल, दलित अभियान्ताहरु, नागरिक समाज, ज्येष्ठ नागरिक, पत्रकारबन्धुहरु लगायत अमुल्य सल्लाह सुझाव दिनु हुने सम्बन्धित सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यबाद दिन चाहान्छु ।

धन्यबाद !